"समुन्नत इलाम सम्पन्न इलामेली"

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

भानुपथ इलाम, कोशी प्रदेश नेपाल

पत्र संख्या : २०८२/८३ (पूर्वाधार विकास महाशाखा)

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

## विद्युतिय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८२/०५/०१)

इलाम नगरपालिकाबाट आ.व. २०८२/८३ मा प्रकाशन हुने विभिन्न प्रकृतिका सूचनाहरु राष्ट्रियस्तरका दैनिक पत्रिका (क वर्ग) मार्फत प्रकाशन गर्नु गराउनुपर्ने भएकोले इच्छुक, योग्य विज्ञापन एजेन्सी/कम्पनीहरु सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक **इजिपी सवमिशनको माध्यमबाट मात्र** विद्युतिय दरभाउपत्र आह्वानका लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का संकेत नम्बर | ठेक्काको नाम | दरभाउपत्र जमानत वापतको रकम रु | दरभाउपत्र खरिद दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | imoilam/sq/AA/02-2082/83 | Procurement/Selection of Advertising Agency for Notice Publication in National Daily Newspapers ('A' Category) for F/Y 2082/083 | १३,००० (बैंक ग्यारेन्टीको हकमा प्रस्ताव पेश गर्ने अन्तिम दिन देखि ७५ दिन म्याद भएको) | १,००० (फिर्ता नहुने गरी) | |

- दरभाउपत्र खरिद गर्न सकिने अन्तिम मिति तथा समय :२०८२/०५/१६ गते दिउंसो १२ बजे भित्रमा
- दरभाउपत्र सम्बन्धि कागजात पेश गर्न सकिने अन्तिम मिति तथा समय : २०८२/०५/१६ गते दिउंसो १२ बजे भित्रमा
- पेश भएका दरभाउपत्र सम्बन्धि कागजात खोलिने मिति तथा समयः २०८२/०५/१६ गते दिउंसो १२: १५ बजे

शर्तहरु

१) दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजेभित्र दरभाउपत्र खरिद दस्तुर वापतको रकम रु १००० (एक हजार) फिर्ता नहुने गरी इच्छुक विज्ञापन एजेन्सी/फर्म वा कम्पनीको नामबाट स्थानीय तह राजस्व पोर्टल **(https://sutrarevenue.fcgo.gov.np)** मार्फत यस नगरपालिकाको नाममा राजस्व शिर्षक नं १४२२९ मा दाखिला गरी वा नेपाल बैंक लिमिटेड, इलाम शाखामा रहेको इलाम नगरपालिकाको आन्तरिक राजस्व खाता नं : ०४००३०००००१००१००००००१ मा राजस्व शिर्षक नं १४२२९ वापत तोकिएको रकम जम्मा गरी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली **(www.bolpatra.gov.np/egp)** मार्फत दरभाउपत्र खरिद/प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्रदाताले दरभाउपत्रका साथ चालु आ.व. २०८२/८३ को नविकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय/इजाजत सम्बन्धी प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र विज्ञापन बोर्डमा सुचिकरण भइ चालु आ.व. २०८२/८३ का लागी नविकरण समेत भएको प्रमाणपत्रहरुको स्क्यान कपी विद्युतिय खरिद प्रणाली मार्फत अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

३) एक फर्म/कम्पनीको नामबाट दरभाउपत्र खरिद गरी अर्को फर्म/कम्पनीको नामबाट दरभाउपत्र दाखिला गर्न पाइनेछैन । प्रस्ताव पेश गर्दा प्रस्ताव खरिद दस्तुर बुझाएको भौचरको सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

२०८२/०४/३०

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

४) दरभाउपत्रका साथ तोकिए बमोजिमको दरभाउपत्र जमानत वापतको रकम इलाम नगरपालिकाको धरौटी खाता नं : ०४००३०००००३००००००००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (विड वन्ड) को सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

५) पेश भएका दरभाउपत्रहरु यस सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको १२:१५ बजे विद्युतिय खरिद प्रणाली मार्फत यस कार्यालयमा खोलिनेछ ।

६) इजिपी मार्फत दरभाउपत्रहरु खोल्दा दरभाउपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधी तथा आमन्त्रित अन्य प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ । कुनै कारणवश उक्त मिति तथा समयमा दरभाउपत्रदाता स्वयमं वा निजको आधिकारिक प्रतिनिधी उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन । दरभाउपत्र खोलिएको जानकारी छिटो माध्यमबाट सम्बन्धित दरभाउपत्रदाताहरुलाइ दिइनेछ ।

७) दरभाउपत्रमा उल्लेखित सूचना प्रकाशन कार्यको अनुमानित परिमाण विगत आ.व.हरुमा यस कार्यालयबाट भए/गरेका सूचना प्रकाशनहरुको आधारमा तय गरिएको हो । उल्लेखित परिमाणमा आवश्यकता अनुसार थप/घट हुन सक्नेछ ।दरभाउपत्र दाताबाट प्रस्तावित प्रति एकाइ दररेट संशोधित परिमाणका लागी समेत लागु हुनेछ । प्रस्तावित दररेट चालु आ.व. २०८२/८३ का लागी मात्र लागु हुनेछ ।

८) छनौट भएको न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रदाताले कार्यालयको लिखित अनुरोधका आधारमा अनुरोध गरिएको प्रकाशन मिति वा थप एक दिन पछि सम्ममा राष्ट्रियस्तरको दैनिक पत्रिका (क वर्ग) मा सूचना प्रकाशन गर्नुपर्नेछ । राष्ट्रियस्तरको दैनिक पत्रिका (क वर्ग) मा सूचना प्रकाशन भएको एक प्रति प्रमाण तथा कर विजक यस कार्यालयमा प्राप्त भएपछि मात्र नियमानुसार भुक्तानीको प्रकृया अगाडि बढाइनेछ ।

९) दरभाउपत्र कागजातमा कुनै त्रुटी (भाषागत समेत) भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन/संशोधन गर्न बाधा पर्नेछैन ।यस्तो किसिमको संशोधन गर्नुपरेमा विद्युतिय खरिद प्रणाली मार्फत नै आवश्यक संशोधन गरिनेछ ।सो को जानकारी यस कार्यालयको आधिकारिक वेभसाइट, फेसबुक पेज मार्फत समेत सूचना सम्प्रेषण समेत गरिनेछ ।

१०) कार्यालयको हितलाइ ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रकृया नै रद्ध गर्ने समेतको सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेको छ । खरिद प्रकृयामा कुनै बाधा अड्चन आइपरेमा वा दरभाउपत्रदाता र कार्यालयबिच अष्पष्टता भएमा प्रचलित नियम तथा कानुन र नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

११) यस कार्यसंग सम्वन्धित विस्तृत जानकारीको लागी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली **(https://bolpatra.gov.np/egp)**, इलाम नगरपालिकाको आधिकारिक वेभ साइट **(https://ilammun.gov.np)**, फेसबुक पेज, सूचना पाटि तथा कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकास महाशाखा सम्पर्क राख्न सकिनेछ ।

२०८२।०८।२०

राधिका घिमिरे

अधिकृतस्तर (आठौं)

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

राधिका घिमिरे शाखा अधिकृत (अधिकृत स्तर आठौं)